**सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०**
**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः**

**प्रस्तावनाः**

यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्रसमेतको कार्य गर्न सामुदायिक सिकाइ केन्द्र स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्नका लागि यस पालिका भित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई सहजीकरण तथा मार्गदर्शन प्रदान गर्न आवश्यक भएकोले,

पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई व्यवस्थित तथा स्तरीय रुपमा सञ्चालन गर्न पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखाले **सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८० बनएको छ।**

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८० रहेको छ।

(२) यो मापदण्ड पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाले स्वीकृत गरेको दिन देखि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो मापदण्ड पुथा उत्तरगङ्गा गाउँपालिका भित्र लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "केन्द्र" भन्नाले मापदण्डको दफा ३ बमोजिम स्थापना गरेका सामुदायिक सिकाइ केन्द्र सम्झनु पर्छ। सो शब्दले यो मापदण्ड लागु हुनुअघि स्वीकृति पाई सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रलाई समेत जनाउँछ।

(ख) "सामुदायिक सिकाइ केन्द्र सञ्चालन मापदण्ड भन्नाले" सामुदायिक सिकाइ केन्द्र स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमनका लागि यस पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरी लागु गरेको कानुनी दस्तावेज सम्झनु पर्छ।

(ग) परिचालक" भन्नाले साविकमा नियुक्ति लिई कार्यरत रहेका वा नियुक्ति हुने सामुदायिक सिकाइ केन्द्रको महिला समुदाय परिचालक कर्मचारी सम्झनु पर्छ।

(घ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्छ।

(ङ) "समुदाय" भन्नाले यस गाउँपालिका भित्र स्थायी बसोबास गरी निरन्तर शिक्षा, सिकाइ तथा समाजको विकासमा क्रियाशील तथा सक्रिय व्यक्तिहरूको समूह सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिका तकसेरा, रुकुम (पूर्वी भाग) लाई सम्झनु पर्छ

३. **<u>केन्द्र स्थापनाको लागि आवेदन गर्नुपर्ने</u>:** (१) स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ आवश्यकता पूर्तिका लागि आफ्नो क्षेत्रभित्रको समुदायमा केन्द्र स्थापना गर्न चाहेमा देहायका कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा आवेदन दिनु पर्नेछः

(क) केन्द्र स्थापना हुने वडाका सबै टोल बस्ती तथा समुदायमा रहेका सम्पूर्ण घरधुरीमध्ये एक घरधुरीबाट एक जनाको प्रतिनिधित्व हुने गरी कम्तीमा ३५ जना प्रतिनिधिको सामूहिक निर्णय हुनु पर्नेछ ।

(ख) केन्द्र स्थापना हुने टोल वा बस्ती वा स्थान, केन्द्रको नाम र तदर्थ ९ जनाको सञ्चालन तथा व्यवस्थापन समिति समेत गठन गरेको हुनु पर्नेछ।

(ग) केन्द्रको तदर्थ सञ्चालन तथा व्यवस्थापन समितिले रीतपूर्वक विधान तयार गरी पारित गरेको हुनु पर्नेछ ।

(घ) विधानमा सेवा क्षेत्र स्पष्ट निर्धारण गरिएको हुनुपर्ने र निर्धारण गरिएको सेवा क्षेत्रभित्र केन्द्र रहेको सुनिश्चित गरेको हुनु पर्नेछ

(ङ) एक सेवा क्षेत्रभित्र एउटा मात्र केन्द्र रहनेछ र एक केन्द्रको सेवाक्षेत्र न्यूनतम एउटा वडा पालिका समेटिएको हुनु पर्नेछ ।

(च) तदर्थ सञ्चालन तथा व्यवस्थापन समितिले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निर्धारित ढाँचामा आवेदन वा केन्द्र सञ्चालनको अनुमति मागको लागि आवश्यक प्रक्रिया पुरा गरी निवेदन पेस गर्नुपर्नेछ ।

(छ) केन्द्र स्थापना हुने प्रस्तावित स्थान सबैलाई पायक पर्ने र उपयुक्त भएको भन्ने सम्बन्धित वडा पालिका र वडा शिक्षा समितिको निर्णय सहितको राय सम्बन्धित गाउँपालिकामा पेस गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिम आवेदनसहितको कागजात प्राप्त भएपछि गाउँ पालिकाले सम्बन्धित स्थान तथा समुदायको स्थलगत निरीक्षण गरी गराई रायसहितको प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष पेस गर्नु पर्नेछ ।

४. **<u>सर्त तथा आधार तोक्न सक्ने</u>:** (१) गाउँपालिकाले केन्द्रको स्वीकृति दिँदा देहाय बमोजिमका सर्त तथा आधारहरु तोक्न सक्नेछ:

(क) सञ्चालन तथा व्यवस्थापन स्रोतको उपलब्धता सुनिश्चित भएको हुनु पर्नेछ ।

(ख) सञ्चालन तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता र सहयोग हुनु पर्नेछ ।

(ग) गाउँपालिकाले केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि नियमित स्रोत साधन उपलब्ध गराउनु पर्नेछ ।

(घ) केन्द्रको सङ्गठन र सञ्चालन तथा व्यवस्थापन स्वरूप तथा कार्यविधि स्पष्ट भई जनशक्ति उपलब्ध हुनु पर्नेछ ।

(ङ) केन्द्र सञ्चालन गर्दा सम्बन्धित वडा पालिकाको र वडा शिक्षा समितिको निर्णय तथा सिफारीस सहित अन्य कागजातहरु पेस गर्नुपर्नेछ ।

(२) यस मापदण्डको दफा ४ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आवश्यकताअनुसार थप सर्त, आधार तथा मापदण्डहरू निर्धारण गरी लागु समेत गर्न सक्नेछ ।

**६. <u>केन्द्र स्वशासित र सङ्गठित संस्था हुने:</u>** यस गाउँपालिकामा सञ्चालन भएका वा हुने केन्द्र स्वायत्त, अविछिन्न, उत्तराधिकारवाला, स्वशासित र नाफारहित संस्था रुपमा हुनेछ।

**७. <u>केन्द्रको नामकरण र नाम परिवर्तन:</u>** (१) यो मापदण्ड लागु भएपछि स्थापना हुने तथा अगाडि नै सञ्चालनमा रहेका केन्द्रको नामकरण तथा नाम परिवर्तन गर्न चाहेमा देहायबमोजिमका आधारको अधिनमा रहि नाम परिवर्तन गर्न सकिनेछः

(क) राष्ट्रियता, स्थानीय महत्त्वको भौगोलिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा स्थल,

(ख) राष्ट्रिय विभूति वा व्यक्तित्व,

(ग) राष्ट्रिय संस्कृति, परम्परा या ऐतिहासिकता,

(घ) सिकाइ केन्द्रलाई रु पाँच लाख सम्म घर जग्गा वा नगदी चन्दा दिने चन्दा दाताको नाम,

(ङ) शिक्षा क्षेत्रमा योगदान गर्दा गर्दै आफ्नो जिवन बलिदान गर्ने कुनै व्यक्तिको नाम।

(२) केन्द्रको साविकको नाम परिवर्तन गर्नुपर्ने भएमा सेवा क्षेत्रका समुदायको भेला, वडा पालिकाको सिफारीस र सम्बन्धित सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयले नाम परिवर्तन गर्नुपर्ने औचित्य सहित (क), (ख), (ग), (घ) वा (ङ) बमोजिमका आधारमा नाम प्रस्ताव गरी गाउँपालिकामा आवेदन गर्नु पर्ने र प्राप्त प्रस्तावको औचित्यका आधारमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

(३) कुनै संस्था वा व्यक्तिले आफ्नो वा आफ्नो पारिवारिक सदस्यको नाममा केन्द्र नामकरण वा केन्द्रको कुनै भवन वा कोठाको नाम राख्न चाहेमा दफा ७ को उपदफा (घ) ले तोकेको रकम वा सो बराबरको चल अचल सम्पत्ति केन्द्रको नाममा हस्तान्तरण गर्न वा कोषमा जम्मा गरी नामकरण सम्बन्धी स्वीकृति दिनसकिनेछ ।

**<u>८. सञ्चालन तथा व्यवस्थापन समितिको गठन, कार्यविधि तथा कार्यकाल:</u>** (१) सिकाइ केन्द्रको कार्यक्रम निर्माण, योजना तर्जुमा, कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन गर्न र केन्द्रको व्यवस्थापन लगायत विविध पक्षमा नीतिगत निर्णय गर्न सामुदायिक सिकाइ केन्द्र सञ्चालन भएको वा सञ्चालन गर्न खोजेको वडा वा टोलको उच्च विद्यालयको विद्यालय व्यवस्थापन समिति तथा साधारण सदस्यको भेलाले छनोट गरेका सातदेखि नौ सदस्यीय समावेशी प्रकृतिको एक व्यवस्थापन समिति रहनेछ।

(२) व्यवस्थापन समिति छनोट गर्दा देहाय बमोजिमका व्यक्तिमध्येबाट अध्यक्ष लगायतका अन्य पदाधिकारी छनोट गर्नु पर्नेछ:

(क) केन्द्रको सेवा क्षेत्रभित्रको विद्यालय व्यवस्थापन समिति र साधारण सदस्यको भेलाले छनोट गरेका अभिभावक, शिक्षाकर्मी वा शिक्षाविद् मध्येवाट, १ जना – अध्यक्ष

(ख) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा प्रमुख वा कर्मचारी प्रतिनिधि १ जना - सदस्य

(ग) केन्द्र रहेको समुदायको स्थानमा अवस्थित सबैभन्दा माथिल्लो कक्षा सञ्चालित सार्वजनिक विद्यालयका प्रधानाध्यापक मध्येबाट १ जना - सदस्य

(घ) केन्द्र रहेको वा केन्द्र सञ्चालन गर्ने वडा पालिकाको वडा अध्यक्ष वा जनप्रतिनिधि १ जना - सदस्य

(ङ) शिक्षा प्रेमि, सामाजिक अभियन्ता, बुद्धीजिवी वा समाजसेविबाट १ जना महिलाको प्रतिनिधित्व हुने गरी २ जना - सदस्य

(च) केन्द्रको सेवा क्षेत्रभित्रका अनौपचारिक शिक्षा वा विशेष शिक्षा अभियन्तामध्येबाट दलित तथा १ महिलाको प्रतिनिधित्व हुने गरी २ जना - सदस्य

(छ) केन्द्रको परिचालक – सदस्य सचिव

(३) समितिको कार्यकाल तीन वर्षको हुनेछ ।
(४) केन्द्रका समुदाय परिचालक सञ्चालन तथा व्यवस्थापन समितिको सचिव हुनेछ।
(५) व्यवस्थापन समितिको बैठक सामान्यतया दुई महिनाको एकपटक वा आवश्यकताको आधारमा बस्नेछ ।
(६) बैठकमा सेवा क्षेत्रभित्रका स्वास्थ्य, कृषि, पशु, वन, महिला विकास, बैंक, सहकारी वा वित्तीय क्षेत्रसँग सम्बन्धित सरकारी गैरसरकारी संघ संस्था वा निकायका प्रतिनिधि तथा सम्बन्धित वडा पालिका पदाधिकारीलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ ।
(७) समितिको बैठकको कार्यविधि तथा काम कारवाही केन्द्रको विधान वा मापदण्डमा उल्लेख भएबमोजिम हुनेछ ।
(८) समितिको बैठकको कार्यविधि तथा प्रक्रिया व्यवस्थापन समितिले निर्धारण गरे अनुसार हुनेछ ।

**९. सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** (१) सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-
(क) समुदायमा घरधुरी सर्वेक्षण गरी समुदायको सिकाइ आवश्यकताको प्रोफाइल निर्माण गर्ने र सिकाइ आवश्यकता पहिचान गर्ने,
(ख) पहिचान भएका सिकाइ आवश्यकता पूर्तिका योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन योजना निर्माण गर्ने र कार्यान्वयन गराउने,
(ग) केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने, गर्ने र कार्यान्वयन गराउने,
(घ) केन्द्रको विकास तथा सुदृढीकरणका कार्य गर्ने र सो कार्यका लागि स्रोत साधनको प्राप्ति र परिचालन गर्ने,
(ङ) सदस्य तथा कर्मचारीको कार्यविवरण तयार गर्ने, कार्यविभाजन र कार्य सम्पादन जिम्मेवारी निर्धारण गर्ने,
(च) कार्यक्रम प्राप्ति र कार्यान्वयनका लागि विभिन्न स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार तथा गैरसरकारी निकाय, सङ्घसंस्था र समुदायसँग साझेदारी एवम् समन्वय गर्ने र समुदायको विकासका लागि कार्यक्रम सञ्चालन गर्न अगुवाइ गर्ने,
(छ) समुदायका मानिसहरूबीच पेसागत तथा व्यावसायिक समूह गठन गरी सामूहिक वचत ऋण, आर्यआर्जन क्रियाकलाप गर्न संयोजन, समन्वय र उत्प्रेरित गर्ने,
(ज) केन्द्रको गतिविधि तथा कार्यक्रमको वार्षिक तहमा सामाजिक परीक्षण गराउने,
(झ) केन्द्रको आयव्ययको वार्षिक रूपमा मान्यता प्राप्त लेखापरीक्षक बाट लेखापरीक्षण गराउने,
(ञ) केन्द्र सञ्चालन व्यवस्थापनको लागि आवश्यक जनशक्ति, स्रोत साधन प्रबन्ध गर्ने,
(ट) केन्द्रको समग्र कार्यक्रम तथा क्रियाकलापको प्रतिवेदन तयार गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा त्रैमासीक र वार्षिकरूपमा प्रस्तुत गर्ने,
(ठ) गठित विषयगत समिति परिचालन गर्ने र समितिको कार्य र कार्यक्रमको अभिलेख राख्ने,
(ड) केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम आयव्यय साधारण सभा र आमभेलामा सार्वजनिक रुपमा प्रस्तुत गर्ने र स्वीकृत गराउने,
(ढ) केन्द्रको विकास एवम् सुदृढीकरण र समुदायको विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतसाधन तथा सहयोग प्राप्ति र परिचालन गर्ने,
(ण) विभिन्न कार्यक्रम तथा क्रियाकलापको परियोजना प्रस्ताव तयार गर्ने,
(ण) विभिन्न कार्यक्रम तथा क्रियाकलापको परियोजना प्रस्ताव तयार गर्ने,

(त) गाउँपालिकाको शैक्षिक प्रोफाइल तथा शिक्षा योजना तर्जुमाका लागि सहयोग र समन्वय गर्ने,
(थ) कार्यरत परिचालक लगायतका कर्मचारीको सेवा, सर्त तथा सुविधा योग्यता र कार्यभारका आधारमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी निर्धारण गर्ने,
(द) साक्षर कार्यक्रम, निरन्तर शिक्षा, जिविकोपार्जन, व्यवसायमूलक जस्ता (कमाउदै घर खर्च चलाउदै) जस्ता स्तरीय कार्यक्रम सञ्चालनमा प्रस्तावना तयारी गरि विभिन्न निकायमा प्रस्तावना पेस गर्ने,
(२) यस मापदण्डबमोजिम सञ्चालन हुने केन्द्रमा न्यूनतम देहायअनुसारको मानव विविधता मैत्री भौतिक पूर्वाधार कायम गर्नु पर्नेछः
(क) कार्यालय सञ्चालन कक्ष कम्तीमा एकओटा,
(ख) अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय एकओटा,
(ग) सूचना, सञ्चार प्रविधि कक्ष (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, मल्टिमिडियासहित) एकओटा,
(घ) सिकाइ कक्ष एकओटा,
(ङ) शुद्ध पिउने पानी
(ढ) शौचालय (पुरुष, महिला, अपाङ्गमैत्री) एकओटा,

**१०. <u>अभिलेख राख्न पर्नेः</u>** केन्द्रले देहायबमोजिमको सूचनाहरू सङ्कलन तथा अद्यावधिक गरी अभिलेख राख्नुपर्नेछ ।
(क) सेवा क्षेत्रको साक्षरता नक्साङ्कन तथा उमेर समूहगत साक्षरता तथ्याङ्क,
(ख) सेवा क्षेत्रभित्रका विद्यालय उमेर समूहका विद्यालयमा अध्ययनरत विद्यालयबाहिर रहेका जनसङ्ख्या,
(ग) सेवा क्षेत्रभित्र अवस्थित शिक्षण संस्था विवरण,
(घ) सेवा क्षेत्र भित्र साक्षर तथा निरक्षर जनसङ्ख्या विवरण,
(ङ) मैक, वित्तीय समेतका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको विवरण,
(च) बैंक, वित्तीय समेतका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको विवरण,
(छ) सेवा क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा स्थलको विवरण,
(ज) सेवा क्षेत्रको जनसाङ्ख्यिक विवरण,
(झ) सेवा क्षेत्रअन्तर्गत रहेका जनशक्तिहरूको सिप नक्साङ्कन,
(ञ) सेवा क्षेत्रभित्र उपलब्ध सार्वजनिक सेवा सुविधाको विवरण,
(ट) सेवा क्षेत्र भित्र रहेका सहकारी संस्था, कृषि समूह, पशु पालन समूह, बालक्लव, युवा क्लव, आमा समूह, किशोरी समूह लगायतको विवरण ।

**११. <u>कन्द्रबाट सञ्चालन हुने कार्यक्रम र सेवा</u>:** (१) केन्द्रले अन्य कार्यक्रमका अतिरिक्त देहायबमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछः

(क) सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा,

(ख) प्रारम्भिक बालविकास तथा साक्षरोतर शिक्षा,

(ग) वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम,

(घ) सिप विकास तालिम,

(ङ) वचत तथा ऋण परिचालन,

(च) सामुदायिक विकास कार्यक्रम,

(छ) नागरिक शिक्षा, मानव अधिकार शिक्षा र अभिभावक शिक्षा,

(ज) कानुनी साक्षरता शिक्षा,

(झ) भेदभाव तथा लैगिक हिंसा विरुद्धका जनचेतनामूलक कार्यक्रम

(ञ) वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम,

(ट) सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलापहरू,

(ठ) खेलकुद,

(ड) व्यावसायिक तालिम,

(ढ) कला, साहित्य, संस्कृति, बालविकास तथा मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम,

(ण) अन्तरपुस्ता सिकाइ स्थानान्तरण तथा हस्तान्तरण कार्यक्रम.

(त) परम्परागत सिपको प्रवर्द्धन तथा आधुनिकीकरण कार्यक्रम,

(थ) जनचेतनामूलक कार्यक्रम,

(द) उद्यमी विकास कार्यक्रम,

(ध) सुरक्षा र बचावट शिक्षा,

(न) किशोरी तथा यौनिकता शिक्षा कार्यक्रम,

(प) विविध।

(२) केन्द्रले उपदफा (१) मा उल्लिखित (क), (घ), (ङ), (ड), (ण), (त), (द), (न) सँग सम्बन्धित कार्यक्रममध्ये कम्तिमा एकओटा कार्यक्रम वार्षिक रूपमा आफ्नो सेवा क्षेत्रभित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ र साधन स्रोतको उपलब्धताका आधारमा अन्य कार्यक्रमसमेत आवश्यकतानुसार नियमित रूपमा गर्नु पर्नेछ।

(३) केन्द्रमा देहाय बमोजिमको सेवा सुविधा उपलब्ध हुनु पर्नेछः

(क) अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय पुस्तकालयमा बसी अध्ययन गर्न तथा अभिलेख राखी पुस्तक लैजान र फिर्ता गर्न पाउने व्यवस्था,

(ख) सूचना प्रविधि तथा सञ्चारको व्यवस्था र प्रयोगको सुनिश्चितता,

(ग) सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्राप्त हुने सेवा प्राप्त गर्नका लागि अपनाउनुपर्ने प्रक्रिया सम्बन्धी सूचनामूलक जानकारी र सहयोग प्रणालीको व्यवस्था,

(घ) शुद्ध पिउने पानी तथा सफा र बालमैत्री शौचालयको व्यवस्था।

(४) सङ्घीय सरकारले वित्तीय हस्तान्तरणमार्फत विगतमा दिइँदै आएको अनुदानमा नघट्ने गरी केन्द्रलाई ससर्त अनुदान सुविधा उपलब्ध गराईनेछ।

(५) केन्द्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यक्रमको गहनता र आवश्यकताका आधारमा गाउँपालिकाले थप अनुदान उपलब्ध गराउन सक्नेछ।

(६) गाउँपालिकाले यस मापदण्डको दफा १० र दफा ११ बमोजिमका विषय र सोसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित केन्द्रमार्फत सञ्चालन गर्ने व्यवस्था गर्नु पर्नेछ।

**१२. केन्द्रको काम, कर्तव्य र अधिकार:** स्थानीय समुदायमा सञ्चालन हुने सामुदायिक सिकाइ केन्द्रको काम, देहायबमोजिम हुनेछ:-

(क) आफ्नो कार्यक्षेत्रभित्रका समुदायको सर्वेक्षण गरी लक्षित समूह अनुसार सिकाइ आवश्यकता र कार्यक्रम पहिचान तथा तर्जुमा गरी समूहमा परिलक्षित गर्ने,

(ख) समुदायका लक्षित समूहको आवश्यकताअनुसार साक्षरता शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ, आयआर्जन र सिप विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ग) समुदायको शैक्षिक विकासका लागि प्रारम्भिक बालविकास शिक्षा, साक्षरता तथा निरन्तर शिक्षा, सिप विकास तालिम कार्यक्रमको तर्जुमा तथा व्यवस्थापन गर्ने,

(घ) विद्यालय बाहिर रहेका प्राथमिक विद्यालय उमेर समूहका लागि प्राथमिक तहको शिक्षाका लागि वैकल्पिक विद्यालय तथा सिकाइ कार्यक्रमको तर्जुमा तथा व्यवस्थापन गर्ने,

(ङ) सामुदायिक विकासका कार्यक्रम अनुसारका लक्षित समूहको समुदायगत तथा बस्तीगत नक्साङ्कन निर्माण गरी निरन्तर अद्यावधिक गर्ने,

(च) सामुदायिक सूचना तथा स्रोत केन्द्रको कार्य गर्ने, सामुदायिक सूचना प्रणाली विकास तथा व्यवस्थापन गर्ने तथा सूचना प्रविधि उपयोगका लागि समुदायको क्षमता विकास र सो सम्बन्धी सेवा प्रवाह गर्ने,

(छ) सामुदायिक पुस्तकालय तथा वाचनालय सञ्चालन गर्ने,

(ज) समुदाय विकासमा कार्यरत स्थानीय तह विभिन्न सरकारी, गैरसरकारी सङ्घ संस्था तथा निकायबिच समन्वय गरी विषयगत क्षेत्र समूहको सञ्जाल विकास गर्ने,

(झ) वचत तथा सामूहिक सहकारिता प्रवर्धनका कार्यक्रम सञ्चालन, कार्यक्रमको संयोजन र समन्वय गर्ने,

(ञ) सुरक्षा तथा वचावट सम्बन्धी जनचेतनामूलक कार्यक्रम तर्जुमा र व्यवस्थापन गर्ने,

(ट) सामाजिक भेदभाव तथा हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम तर्जुमा र व्यवस्थापन गर्ने,

(ठ) वातावरण, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ड) स्वास्थ्य तथा पोषण, आरोग्य जीवनकला, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ढ) अभिभावक शिक्षा तथा शैक्षिक जागरणका कार्यक्रम सञ्चालन गर्ने,

(ण) नागरिकको कर्तव्य र अधिकार सम्बन्धमा सुसूचित गर्ने कार्यक्रम सञ्चालन गर्ने।

**१३. <u>सदस्यता सम्बन्धी व्यवस्थाः</u>** केन्द्रको सदस्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) एक केन्द्रमा कम्तीमा एक सय जना साधारण सदस्य हुनु पर्नेछ।

(ख) केन्द्रलाई आर्थिक, भौतिक तथा पूर्वाधार विकास र व्यवस्थापनमा विशेष सहयोग उपलब्ध गराउने साधारण सदस्यहरूलाई विशेष सदस्यता प्रदान गर्न सकिनेछ ।

(ग) सदस्यता प्राप्ति र नवीकरण बापतको शुल्क समुदाय भेलाको निर्णयबाट निर्धारण गरेबमोजिम हुनेछ ।

(घ) सदस्यता वार्षिक रूपमा नवीकरण गर्नु पर्नेछ ।

(ङ) सञ्चालन तथा व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुले अनिवार्य सदस्यता लिनुपर्नेछ ।

**१४. <u>साधारण सभा र बैठकको आयोजनाः</u>** केन्द्रको साधारण सभा र बैठक सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) केन्द्रको साधारण सभा वर्षको एक पटक अनिवार्य रूपमा गर्नु पर्नेछ ।

(ख) साधारण सदस्यहरूको भेला गराई वार्षिक, अर्धवार्षिक र चौमासिक रुपमा समिक्षा बैठक सम्पन्न गर्नु पर्नेछ ।

(ग) केन्द्रको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजना साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

(घ) लेखापरीक्षण र सामाजिक परीक्षणका प्रतिवेदन समेत साधारण सभामा पेस गरी पारित गराउनु पर्नेछ ।

**१५. <u>केन्द्रको आयस्रोतः</u>** (१) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त हुने आयस्रोत देहायबमोजिम हुनेछः

(क) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान,

(ख) खास कार्यक्रम कार्यान्वयनका लागि केन्द्रसँग भएको सम्झौताअनुसार सरकारी तथा गैरसरकारी सङ्घसंस्था एवम् दातृ निकायबाट प्राप्त रकम,

(ग) केन्द्रका सदस्यहरूबाट सदस्यता र सो नवीकरण बापत सङ्कलित शुल्क रकम,

(घ) विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त चन्दा, दान, सहयोग तथा पुरस्कार रकम,

(ङ) केन्द्रका नाममा बैङ्क खातामा जम्मा हुने रकमबाट प्राप्त व्याज रकम,

(च) केन्द्रबाट सञ्चालित र प्रवाहित नाफामूलक कार्यक्रम तथा सेवाबापत प्राप्त रकम, शुल्क तथा सहयोग रकम ।

(२) केन्द्रका नाममा प्राप्त हुने सबै रकम नेपाल सरकारबाट मान्यता वा स्वीकृति प्राप्त बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) केन्द्रका नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको रकमबाट व्यहोरिने छ ।

(४) केन्द्रको खाता सञ्चालनको लागि सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकाले बैंकलाई सिफारिस गर्नेछ ।

(५) केन्द्रले तोकेको सञ्चालन तथा व्यवस्थापन समितिको एक जना पदाधिकारी र परिचालकको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

**१६. <u>लेखापरीक्षणः</u>** (१) केन्द्रको सम्पूर्ण आर्थिक कारोबार र चलअचल सम्पत्तिको लेखापरीक्षण इजाजत प्राप्त लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्षको अन्त्यमा गराउनु पर्नेछ ।

(२) केन्द्रले वार्षिक लेखापरीक्षण गराउदा वित्तीय गतिविधि, आम्दानी तथा खर्चको सम्पूर्ण विवरण देखिने गरी वित्तीय लेखापरीक्षण र सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयन देखिने गरी सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(३) वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षण प्रतिवेदन केन्द्रको साधारण सभामा पेस गरी सार्वजनिक गर्नु पर्नेछ र सो प्रतिवेदन यस पुथा उत्तरगङ्गा गाउँपालिकामा समेत प्रत्येक वर्ष पेस गर्नु पर्नेछ।

**१७. प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) केन्द्रले प्रत्येक समयमा गरेका कार्यक्रम र उपलब्धि, आगामी वर्षको कार्यक्रम, बजेट र गतिविधि समावेश गरी त्रैमासिक र वार्षिक रुपमा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र सामाजिक परीक्षणको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र अद्यावधिक रूपमा प्रत्येक वर्ष गाउँपालिकामा पेस गर्नु पर्नेछ।

(३) दफा (१) बमोजिमको प्रतिवेदन गाउँपालिकाले वार्षिक रूपमा शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षातथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्नेछ।

**१८. केन्द्रको स्थान परिवर्तन:** स्थानीय समुदायको कुनै खास सेवा क्षेत्रभित्रको एक स्थानमा अवस्थित केन्द्र देहायबमोजिमको अवस्थामा सोही सेवा क्षेत्रभित्रको अर्को स्थानमा स्थान परिवर्तन गर्न वा स्थान्तरणका लागि गाउँपालिकाले स्वीकृति दिन सक्नेछ:

(क) साविकको केन्द्र सेवाक्षेत्र भित्रका समुदायका मानिसलाई अपायक परेको र स्थानान्तरणका लागि प्रस्तावित स्थान तुलनात्मक रूपमा बढी पायक पर्ने भई सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय, वडा शिक्षा समितिको निर्णय र सम्बन्धित वडाको सिफारिस सहित केन्द्रको स्थान परिवर्तन वा स्थान्तरणका लागि गाउँपालिकामा निवेदन पेस गर्ने साथै गाउँ शिक्षा समितिले अनुमति दिएमा।

(ख) साविक केन्द्रमा भौतिक पूर्वाधार तयार नभएको वा अपर्याप्त रहेको र प्रस्तावित स्थानमा भौतिक पूर्वाधार उपलब्ध रहेको वा पूर्वाधार विकासका लागि थप स्रोत साधन लगानी गर्नु नपर्ने देखिएमा,

(ग) प्रस्तावित स्थानमा स्थानान्तरण हुँदा थप स्रोत, साधन उपलब्ध हुने र समुदायको सहभागिता बढी रहने देखिएमा,

(घ) प्रस्तावित स्थान सदस्यहरुको आवागमनका लागि सहज पहुँच योग्य भएमा,

(ङ) स्थानीय तहअन्तर्गतको कुनै विद्यालय समायोजन, एकीकरण या बन्द भई वा अन्य कुनै सरकारी कार्यालयको भवन सञ्चालनमा नआई खाली रहेको अवस्थामा त्यस्ता भवन तथा जग्गा स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रलाई हस्तान्तरण गरी भवन वा जग्गा प्राप्त हुने अवस्था भएमा,

(च) दुई वा दुई भन्दा बढी वडा वा टोलको केन्द्र विन्दु हुने गरी सेवा विस्तार गर्न सकिने भएमा।

**१९. नियमन तथा निर्देशन सम्बन्धि व्यवस्था:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका केन्द्रको स्थापना, व्यवस्थापन र सञ्चालन सम्बन्धमा नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) केन्द्रको अनुगमन तथा मूल्याकन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको मापदण्ड र गाउँपालिका बाट जारी गरिएको मापदण्डमा तोकिएका सर्तबमोजिम केन्द्रको स्थापना, व्यवस्थापन र सञ्चालन भए नभएको मूल्याङ्कन गर्नेछ।

(३) तोकिएको मापदण्ड, कार्यविधि, निर्देशिका एवम् सर्तबमोजिम सञ्चालन हुन नसकेका केन्द्रलाई सुधारको लागि स्थानीय तहले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित केन्द्रको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम समेत सुधार भई सञ्चालन हुन नसकेमा स्थानीय तहले त्यस्तो केन्द्रको व्यवस्थापन समिति विघटन गरी अर्को व्यवस्थापन समिति गठन गराई सञ्चालन गराउन सक्नेछ।

(५) अनुगमन तथा मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य सम्पादन भएका केन्द्रलाई स्थानीय तहले पुरस्कृत गर्न सक्नेछ र सङ्घीय सरकार तथा प्रदेश सरकारसमक्ष समेत उचित पुरस्कारका लागि सिफारिस गर्न सक्नेछ २०. मापदण्ड पूरा गर्नुपर्नेः (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो मापदण्ड लागु हुनुपूर्व स्थापना भई सञ्चालनमा रहेका केन्द्रहरूलाई सम्बन्धित स्थानीय तहले निश्चित समयावधि तोकी पूर्वाधारसमेतका तोकिएका अन्य मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

**२०. <u>मापदण्ड पूरा गर्नुपर्ने</u>:** (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो मापदण्ड लागु हुनुपूर्व स्थापना भई सञ्चालनमा रहेका केन्द्रहरुलाई सम्बन्धित स्थानीय तहले निश्चित समयावधि तोकी पूर्वधारसमेतका तोकिएका अन्य मापदण्ड पूरा गर्न लगाउनुपर्नेछ।
(२) कुनै समुदाय वा स्थानमा स्थापना भइ सकेका केन्द्रहरूले तोकिएको पूर्वाधार समेतका मापदण्डका व्यवस्था र सर्त पूरा गराउन नसकेमा गाउँपलिकाले थप नयाँ केन्द्र स्थापनाको स्वीकृति नदिने नीति 'अख्तियार गर्न सक्नेछ।

**२१. <u>खारेजी र स्थानान्तरण</u>:** (१) कुनै समुदाय वा स्थानमा व्यवस्थित रूपमा सञ्चालन हुन नसकेको वा निष्क्रिय रहेको केन्द्रलाई सक्रिय गराउन प्रयास गर्दा पनि सञ्चालनमा आउन नसकेमा अर्को व्यवस्थापन समिति गठन गरी सन्चालन गराउन गाउँपालिकाले त्यस्तो केन्द्र खारेज गरी केन्द्र नभएको वडाको उपयुक्त स्थानमा स्थानान्तरण गर्न सक्नेछ।
(२) उपदफा (१) बमोजिमको केन्द्र खारेज गर्नुपर्ने भएमा खारेज गर्नुअघि कायम रहेको व्यवस्थापन समितिलाई सफाइको मौका दिनु पर्नेछ।
**२२. <u>कर्मचारी व्यवस्थापन</u>:** (१) यो मापदण्ड लागु हुनुपूर्व अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका केन्द्रमा नियुक्ति लिई कार्यरत परिचालिकाहरू सम्बन्धित केन्द्रमा साविकबमोजिम कार्यरत रहने छन्।
(२) यो मापदण्ड लागु भएपछि स्थापना हुने केन्द्रमा नियुक्ति हुने परिचालिकाको योग्यता कम्तीमा बाह्र कक्षा वा सोसरह हुनेछ।
(३) केन्द्रमा नियुक्त हुने परिचालिकाको छनोट प्रक्रिया सम्बन्धी व्यवस्था गाउँपालिको शिक्षा, युवा तथा खेलकुद शाखाले तपसिलका मापदण्ड पूरा गरी पदपूर्ति गर्नेछ।
क) केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक प्रक्रिया पूरा गरी गाउँपालिकामा परिचालिका पदपूर्तिको लागि अनुमति माग गर्नुपर्नेछ,
ख) केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले गाउँपालिका बाट अनुमति लिईसकेपछि परिचालिकाको पदपूर्तिको लागि आवश्यक न्यूनतम योग्यता तथा अन्य आधारहरु तोकि ७ दिनको विज्ञापन प्रकाशन गर्नुपर्नेछ,
ग) विज्ञापनको म्याद पूरा भैसकेपछि शिक्षा, युवा तथा खेलकुद शाखाले परिचालिका पदपूर्तिको पाठ्यक्रम तयार गरी ७५ पूर्णाङ्क लिखित र २५ पूर्णाङ्क मौखिक गरी जम्मा १०० पूर्णाङ्क बाट परीक्षा सञ्चालन गरि पदपूर्ति गर्नुपर्नेछ। साथैं उत्तीर्णाङ्क ५० अंङ्क रहनेछ।

(४) केन्द्रको विधान, स्थानीय तहबाट जारी मापदण्ड समेतको उपलब्धताका आधारमा केन्द्रले आवश्यक सङ्ख्यामा कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।
(५) केन्द्रका कर्मचारीको सेवा, सर्त र सुविधा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका तथा व्यवस्थापन समितिले निर्धारण गरेअनुसार हुनेछ।
(६) परिचालिकाको थप सेवा, सर्त र सुविधा परिचालकको कार्यसम्पादनको मूल्याङ्कनको आधारमा गाउँपालिका बाट समेत थप गर्न सक्नेछ।
(६) सार्वजनिक बिदाको दिनबाहेक स्थानीय तहले तोकेबमोजिमको समयमा दैनिक छ घण्टाको दरले केन्द्रको सञ्चालन गर्नु पर्नेछ।
(७) परिचालिकाको कार्यसम्पादनमा चित नबुझेमा सञ्चालन तथा व्यवस्थापन समितिले करार सम्झौता भङ्ग गर्न सक्नेछ।
(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालन तथा व्यवस्थापन समिति र गाउँपालिकाको सहकार्यमा कार्य चापकको आधारमा आवश्यकता अनुसार अतिरिक्त थप समय निर्धारण गर्न बाधा पर्ने छैन।

**२३. समन्वय, सहकार्य तथा साझेदारी गर्न सक्ने:** केन्द्रले कार्य सञ्चालन तथा व्यवस्थापनको सिलसिलामा स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार तथा अन्य निकायहरु सँग सम्पर्क, समन्वय, सहकार्य तथा साझेदारी गर्न सक्नेछ।

**२४. निर्देशिका तथा कार्यविधि बनाई गर्न सक्ने:** सञ्चालन तथा व्यवस्थापन समितले यस मापदण्डको अधिनमा रहि कार्य गर्न आवश्यक निर्देशिका तथा कार्यविधि लागु गर्न सक्नेछ।

**२५. खारेजी र बचाउ:** (१) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन निर्देशिका, २०६२ (संशोधनसहित) खारेज गरेको छ
(२) सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन निर्देशिका, २०६२ (संशोधनसहित) बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछन।
(३) सङ्घीय तथा प्रदेश सरकार बाट निर्माण भई कार्यान्वयन भएका मापदण्ड सँग यो मापदण्ड बाझिएको हदसम्म अमान्य हुनेछ।

<u>**अनुसूची १**</u>

**सामुदायिक सिकाइ केन्द्र अनुमित तथा स्वीकृतिका लागि स्थानीय तहमा पेश गर्ने निवेदनको ढाँचा**

**विषयः सामुदायिक सिकाइ केन्द्र सञ्चालनको लागि अनुमति माग सम्बन्धमा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्वी भाग)

उपर्युक्त सम्बन्धमा रुकुम (पूर्वी भाग) जिल्ला पुथा उत्तरगङ्गा गाउँपालिका वडा नम्बर ....... मा हालसम्म सामुदायिक सिकाइ केन्द्र खोल्ने स्वीकृतिका लागि देहायका विवरणहरु खुलाई निवेदन गर्दछौ ।

१.(क) सामुदायिक सिकाइ केन्द्रको नामः
(ख) ठेगाना:
(ग)भौतिक अवस्था
(क) भवन
(ख) कोठा
(ग) फर्निचर
(घ) शौचालय
(ङ) खानेपानीको व्यवस्था

(घ) आर्थिक स्रोत साधनहरू

२. निवेदन साथ देहायका कागजातहरू संलग्न छन् :
(क) सामुदायिक सिकाइ केन्द्रको विधान ।
(ख) सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न समुदायले गरेको निर्णयको प्रतिलिपि ।
(ग) वडा शिक्षा समिति र वडा पालिकाको निर्णय तथा सिफारीस ।
(घ) पुथा उत्तरगङ्गा गाउँ शिक्षा समितिको सिफारिस ।
(ङ) तदर्थं सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि ।

...................................
अध्यक्ष
सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति (तदर्थ)

# सामुदायिक सिकाइ केन्द्रको परिचालिका पदको पाठ्यक्रम-२०८०

**प्रथम चरण (सामान्य परीक्षा)**

**खण्ड क (२५×२= ५०)**

१. नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदि र हिमाल आदि)
२. नेपालको शैक्षिक इतिहास
३. शिक्षाको अर्थ, परिभाषा, स्वरुप, उद्देश्यहरु र कार्यहरु
४. सिकाइ: परिचय, अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु
५. सिकाइको स्थानान्तरण: अवधारणा, प्रकार
६. नेपालको शिक्षाको तहगत संरचना तथा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्थाहरु
७. नेपालको संविधान, २०७२ (शिक्षा सम्बन्धी व्यवस्था)
८. शिक्षा ऐन, २०२८ (संशोधन सहित), शिक्षा नियमावली, २०५९ (संशोधन सहित)
९. स्थानीय सरकार संचालन ऐन, २०७४ (शिक्षा सम्बन्धी व्यवस्था)
१०. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०

**द्वितीय चरण (विषयगत परीक्षा) खण्ड ख (५×५= २५)**

१. अनौपचारिक शिक्षा, निरन्तर तथा जीवनपर्यन्त शिक्षा, महिला शिक्षा, महिला शिक्षा, अभिभावक शिक्षा र पौढ शिक्षा
२. लेखा परीक्षण, सामाजिक परीक्षण, बेरुजु, बजेट व्यवस्थापन, बेरुजु फर्च्यौट
३. परियोजना प्रस्ताव निर्माण, कार्यक्रम योजना छनौट, स्वीकृति र संचालन
४. सूचना तथा संचार प्रविधि
५. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८

**अन्तर्वार्ता**

१. सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षक योग्यता – ३
    प्रथम श्रेणीको भए - ३
    द्वितीय श्रेणीको भए - २
२. शिक्षा क्षेत्रमा काम गरेको अनुभव वाफत – २
३. सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता – २
    प्रथम श्रेणीको भए - २
    द्वितीय श्रेणीको भए - १
४. अन्तर्वार्ता – २०
    व्यक्तित्व तथा परीचय वापत - ५
    विषयवस्तुको ज्ञान वापत - १०
    प्रस्तुतीकरण वापत - ५
    नोट: अन्तर्वार्ता बापत अंक दिदा कुनै उम्मेदवारदाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**द्रष्टव्य:**

१. सामान्य परीक्षा (वस्तुगत, बहुबैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।
२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भई हटाईएको वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।